# सिद्धलेक गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
बुङ्चुङ, धादिङ
बागमती प्रदेश नेपाल ।

Email:info@siddhalekmun.gov.np
website: siddhalekmun.gov.np


आ.व.: २०७९/०८०
च.नं. : २६८०

मिति २०८०।०१।१४

श्री सम्बन्धित सबै सामुदायिक विद्यालय
सिद्धलेक गाउँपालिका, धादिङ ।

विषयः यसै पत्र अनुसार गर्नु गराउनु हुन ।

प्रस्तुत विषयमा सिद्धलेक गाउँपालिकाको गाउँ शिक्षा समितिको मिति २०८०।०१।१४ गते बसेको वैठकद्धरा सिद्धलेक गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुको तह समायोजन सम्बन्धी निर्णयहरु गरिएको छ। निर्णयको प्रतिलिपि यसै पत्र साथ संलग्न गरीएको छ र सम्बन्धित विद्यालयहरुले यसै पत्र अनुसार गर्नु गराउनु हुन अनुरोध छ।

.................................
(नारायण प्रसाद अधिकारी)
प्रमुख प्रशासकीय अधिकृत

नारायण प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

आज मिति २०८०।०१।१४ गते विहिबारका दिन यस सिद्धलेक गाउँपालिकाको गाउँ शिक्षा समितिको बैठक समितिका अध्यक्ष एवम् गाउँपालिकाका अध्यक्ष श्री परशुराम खतिवडाको अध्यक्षतामा तपसिलका सदस्यहरुको उपस्थितिमा बसी निम्न प्रस्तावहरु उपर छलफल गरी देहायबमोजिमका निर्णयहरु गरियो ।

**उपस्थिति**

१. अध्यक्षः- श्री परशुराम खतिवडा - गाउँपालिका अध्यक्ष

२. सदस्यः- श्री नारायण प्रसाद अधिकारी - प्रमुख प्रशासकीय अधिकृत

३. सदस्यः- श्री शम्भु गुरुङ (सागर) -सामाजिक विकास समिति संयोजक

४. सदस्यः- श्री झक बहादुर थापा मगर - वडाध्यक्ष

५. सदस्यः- श्री जुना सार्की -कार्यपालिका दलित सदस्य

६. सदस्यः- श्री रस्मिता माझी -कार्यपालिका महिला सदस्य

७. सदस्यः- श्री बलराम अधिकारी -स्रोतव्यक्ति

८. सदस्यः- श्री खिन प्रसाद त्रिपाठी - वि.व्य.स. अध्यक्ष

९. सदस्यः- श्री ध्रुब प्रसाद सिलवाल - सा.वि.का.प्र.अ.

१०.सदस्यः- श्री रेनुका खतिवडा -स्थायी महिला शिक्षक

११.सदस्यः- श्री शालिग्राम अर्याल -शिक्षाविद्

१२.सदस्यः- श्री सिर्जना पण्डित -सं.वि.का.प्र.अ.

१३.सदस्य सचिवः- - शिक्षा अधिकृत

**आमन्त्रित उपस्थिति**

१. श्री सविता अर्याल - उपाध्यक्ष सिद्धलेक गाउँपालिका

२. श्री पेमा ~~वाङ्मेल~~ वाङ्ज्याल लामा - वडाध्यक्ष-१

३. श्री देव बहादुर पुलामी -वडाध्यक्ष-३

४. श्री बुधे घले -वडाध्यक्ष-५

५. श्री सुरेन्द्र बहादुर मगर -वडाध्यक्ष-६

६. श्री सानो गिरी -वडाध्यक्ष-७

७. श्री दिपक अर्याल - नेपाल शिक्षक संघ

८. श्री ध्रुव प्रसाद खतिवडा -नेपाल राष्ट्रिय शिक्षक संगठन

९. श्री रञ्जना कट्टेल - एकिकृत अखिल नेपाल शिक्षक संगठन

१०.श्री रमेश नेपाल - प्रगतिशिल नेपाल राष्ट्रिय शिक्षक संगठन

११.श्री रामेश्वर पुडासैनी -प्राविधिक सहायक सिद्धलेक गा.पा.

Scanned with CamScanner

**प्रस्ताव नं.१- स्थानीय पाठ्यक्रम कार्यान्वयन सम्बन्धमा।**

**निर्णय नं. १.** प्रस्ताव नं. १ माथि छलफल गर्दा गाउँ शिक्षा समितिले मिति २०७९।११।२८ गतेको वैठकले स्थानीय पाठ्यक्रम निर्माण समिति गठन गरेको र उक्त समितीले विभिन्न २४ वटा वैठक/लेखन कार्य दिन (पुरा समय कार्यालय/कुनै स्थानमा बसेर लेखन कार्य गरेको) २ दिन फिल्डभ्रमण १ दिन अन्तरक्रिया तथा पृष्ठपोषण कार्यक्रम तथा १ दिन कक्षा ६ वा ६ भन्दा माथि सिद्धलेक गाउँ पालिकामा रहेका सामुदायिक र संस्थागत विद्यालयहरुका शिक्षकहरुलाई बोलाई प्रवोधिकरण गरी ३/३ प्रति पाठ्यक्रम समेत वितरण गरिसकेको र गाउँ कार्यपालिकाको मिति २०७९।१२।२७ गतेको वैठकले समेत हाम्रो सिद्धलेक विषयको स्थानीय पाठ्यक्रम आधारभूत शिक्षा कक्षा ६-८ मा शैक्षक सत्र २०८० बाट कार्यान्वयन गर्न अनुमोदन गरिसकेको हुदाँ यस समितिबाट पनि स्वीकृत प्रदान गरियो।

**प्रस्ताव नं. २ – शिक्षा अधिकृत सम्बन्धमा।**

**निर्णय नं.२–** प्रस्ताव नं. ३ माथि छलफल गर्दा विगत लामो समयदेखि सिद्धलेक गाउँपालिकामा शिक्षा अधिकृतको पद रिक्त रहेको हुँदा विभिन्न कार्य गर्न टेक्निकल्लि समस्या परेको छ। त्यसलाई मध्यनजर गर्दै गाउँपालिका प्रमुखले छिटो भन्दा छिटो शिक्षा अधिकृतको व्यवस्था गर्नुहुन अनुरोध छ। त्यसका साथै शैक्षिक सत्र २०७९ को शिक्षकहरुको विदा प्रमाणीत गर्न र कार्य सम्पादन मुल्याङ्कन गर्न शिक्षा विकास तथा समन्वय इकाइ, धादिङवेसी, धादिङलाई अधिकृत पठाइदिनु हुन अनुरोध गर्ने निर्णय गरियो।

**प्रस्ताव नं.३ – वलदेवी आधारभूत विद्यालयको सम्बन्धमा।**

**निर्णय नं. ३-** प्रस्ताव नं. ३ माथि छलफल गर्दा मिति २०८०।०१।०४ गते यसै समितिद्धारा सिद्धलेक गाउँपालिका वडा नं. १, गहतेमा अवस्थित वलदेवी आधारभूत विद्यालयलाई कक्षा (०-३) सम्म सञ्चालन गर्न गरिएको निर्णयमा उक्त विद्यालयमा विद्यार्थी संख्या स्थिर रहनु, समुदायको कक्षा ०-५ नै सन्चालनको माग रहनु र विद्यालयमा अपाङ्गता भएको विद्यार्थीहरु समेतलाई मध्यनजर गर्दा वलदेवी आधारभूत विद्यालय गहतेलाई कक्षा (०-३) सम्म सञ्चालन गर्न गरिएको निर्णयलाई संशोधन गरी कक्षा (०-५) सम्म सञ्चालन गर्ने अनुमित दिने साथै तत्कालको आवश्यकता हेरी यस विद्यालय लगायत अन्य विद्यालय सञ्चालन तथा शिक्षक अभाव सम्बन्धमा कार्यपालिकाको निर्णय अनुसार गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ४- दरबन्दी मिलान सम्बन्धमा।**

**निर्णय नं. ४-** प्रस्ताव नं. ४ माथि छलफल गर्दा मिति २०८०।०१।११ गते दरबन्दी मिलान गर्न जिम्मेवारी दिइएको कार्यदलले दिएको प्रतिवेदनलाई आधारमानी विद्यालयको दोहोरो सहमति, शिक्षकको निवेदन र सरुवा भएर जाँदा समेत विद्यालय सञ्चालन हुने आधार आदि समेतलाई मध्यनजर गरी दरबन्दी मिलानको कार्य गर्ने निर्णय गरियो।

Scanned with CamScanner